## बैठक संख्या - १

आज मिति २०८२ साल श्रावण महिनाको १२ गतेका दिन यस गढवा गाँउपालिकाका अध्यक्ष श्री यम नारायण शर्मा पोखेल ज्यू को अध्यक्षतामा गढवा गाँउकार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिमको निर्णयहरू गरियो ।

उपस्थिती :-

| क्र.स. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री यम नारायण शर्मा पोखेल | |
| २ | (उपाध्यक्ष) सदस्य | श्री शारदा कुमारी चौधरी | |
| ३ | वडाध्यक्ष, सदस्य | श्री भक्तु चौधरी | |
| ४ | वडाध्यक्ष | श्री तुलसीराम अधिकारी | |
| ५ | वडाध्यक्ष | श्री बिर बहादुर आले मगर | |
| ६ | वडाध्यक्ष | श्री लेख बहादुर थापा | |
| ७ | वडाध्यक्ष | श्री राहुलदेव चौधरी | |
| ८ | वडाध्यक्ष | श्री हरि भगत चौधरी | |
| ९ | वडाध्यक्ष | श्री बाबुराम अधिकारी | |
| १० | वडाध्यक्ष | श्री अब्दुल खालिक सिद्दिकी | |
| ११ | सदस्य | श्री हेमन्ती कुमारी कुमाल | |
| १२ | सदस्य | श्री मिना पुन | |
| १३ | सदस्य | श्री मान बहादुर नेपाली | |
| १४ | सदस्य | श्री सूर्य बहादुर ने पाली | |
| १५ | सदस्य | श्री चन्द्रा के.सी. | |
| १६ | सदस्य | श्री रमा भण्डारी | |
| १७ | सचिव | श्री कृष्ण प्रसाद पौड्याल | |

आमन्त्रित :-

सहयोगी :-
श्री पुनाराम शर्मा

CamScanner

कार्यपालिका बैठक मिति २०८२/०४/१२ का प्रस्तावहरु

१. गत आ.व. २०८१/०८२ को वार्षिक समिक्षा सम्बन्धमा ।
२. स्थानीय विदा सम्बन्धमा ।
३. गुडिया पर्व व्यवस्थापन सम्बन्धमा ।

कार्यपालिका बैठक मिति २०८२/०४/१२ का निर्णयहरु

१. यस गढवा गाउँपालिकामा गत आ.व. २०८१/०८२ मा वर्षभरि सेवा प्रवाह तथा विकास निर्माणका नियमित तथा आकस्मिक क्रियाकलापहरुको काम कार्वाहीको सम्बन्धमा भए गरेका कार्यहरुको वार्षिक समिक्षा सम्पन्न गरियो ।

२. यस गढवा गाउँपालिकामा नाग पञ्चमी (श्रावण शुक्ल पञ्चमी), थारु समुदायले मनाउने गुरही पर्व तथा यादव समुदायले मनाउने गुडिया पर्वको उपलक्ष्यमा मिति २०८२/०४/१३ गतेका दिन गढवा गाउँपालिका अन्तर्गत वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु, सरकारी कार्यालयहरु, शैक्षिक संस्थाहरु र संघ संस्थाहरुमा १ (एक) दिन स्थानीय सार्वजनिक विदा दिने निर्णय स्थानीय विदा दिने निर्णय सर्वसम्मतिले गरियो ।

३. यादव समुदायले मनाउने गुडिया पर्वको अवसरमा विविध कार्यक्रमको लागि मधेशिको कार्यक्रम शिर्षकबाट रु ५० हजार रुपैया उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय प्रमाणित गर्दछु।

पौड्याल
प्रमुख प्रशासकीय अधिकृत

यम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

CamScanner

बैठक संख्या -१

आज मिति २०८२ साल श्रावण महिनाको २१ गतेका दिन यस गढवा गाँउपालिकाका अध्यक्ष श्री यम नारायण शर्मा पोख्रेल ज्यू को अध्यक्षतामा गढवा गाँउकार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिमको निर्णयहरू गरियो ।

उपस्थिती :-

| क्र.स. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री यम नारायण शर्मा पोख्रेल | |
| २ | (उपाध्यक्ष) सदस्य | श्री शारदा कुमारी चौधरी | |
| ३ | वडाध्यक्ष, सदस्य | श्री भक्तु चौधरी | |
| ४ | वडाध्यक्ष | श्री तुलसीराम अधिकारी | |
| ५ | वडाध्यक्ष | श्री बिर बहादुर आले मगर | |
| ६ | वडाध्यक्ष | श्री लेख बहादुर थापा | |
| ७ | वडाध्यक्ष | श्री राहुलदेव चौधरी | |
| ८ | वडाध्यक्ष | श्री हरि भगत चौधरी | |
| ९ | वडाध्यक्ष | श्री बाबुराम अधिकारी | |
| १० | वडाध्यक्ष | श्री अब्दुल खालिक सिद्दिकी | |
| ११ | सदस्य | श्री हेमन्ती कुमारी कुमाल | |
| १२ | सदस्य | श्री मिना पुन | |
| १३ | सदस्य | श्री मान बहादुर नेपाली | |
| १४ | सदस्य | श्री सूर्य बहादुर नेपाली | |
| १५ | सदस्य | श्री चन्द्रा के.सी. | |
| १६ | सदस्य | श्री रमा भण्डारी | |
| १७ | सचिव | श्री कृष्ण प्रसाद पौड्याल | |

आमन्त्रित :-

सहयोगी :-

श्री पुनाराम शर्मा, प्र.अ.

कार्यपालिका बैठक मिति २०८२/०४/२१ का प्रस्तावहरु

१. मिति २०८२/०४/१२ गतेको कार्यपालिका बैठको समिक्षा सम्बन्धमा ।
२. सेवा करारमा कर्मचारी पदपूर्ति सम्बन्धमा ।
३. गाउँ शिक्षा समितिको निर्णय अनुमोदन तथा विद्यालय कर्मचारी अनुमति सम्बन्धमा ।
४. बालविकास कक्षा संचालन सम्बन्धमा ।
५. गोबरडिहा सब डिभिजन वन कार्यालयको भवन निर्माणका लागि जग्गा व्यवस्थापन सम्बन्धमा ।
६. वडा नम्बर ३ अन्तर्गतका भुमिहिन दलित भुमिहिन सुकुम्वासीलाई पुर्जा वितरणको लागि सिफारिस सम्बन्धमा ।
७. विपद व्यवस्थापन सम्बन्धमा ।
८. कवाडी कर र विज्ञापन करको आय ठेक्कामा न्यून्तम राजश्व सम्बन्धमा ।
९. कानून निर्माण सम्बन्धमा ।
१०. नेपाल अवधि संस्कृति संरक्षण प्रतिष्ठानको लागि जग्गाको भोगाधिकार सिफारिस सम्बन्धमा ।
११. गढवा गाउँपालिकाको रोजगार रणनीति २०८२/०८३-२०८६-०८७ सम्बन्धमा ।
१२. गढवा बजारको फोहोरमैला व्यवस्थापन सम्बन्धमा ।
१३. विविध विषय सम्बन्धमा ।

कार्यपालिका बैठक मिति २०८२/०४/२१ का निर्णयहरु

१. मिति २०८२/०४/१२ गतेको कार्यपालिका बैठकमा भएका निर्णयहरुको समिक्षा गरेका यस कार्यपालिका बैठकमा समिक्षा गरियो ।

२. यस गाउँपालिका मातहतका स्वास्थ्य संस्थाहरु, आयुर्वेदिक औषधालय र रोजगार सेवा केन्द्रको लागि आर्थिक वर्ष २०८२/०८३ को बार्षिक कार्यक्रम कार्यान्वयन गर्नको लागि चैनपुर स्वास्थ्य चौकी वडा नं ५ र गोबरडिहा स्वास्थ्य चौकी वडा नम्बर १ मा १/१ जना मेडिकल अधिकृत र गोबरडिहा आयुर्वेदिक औषधालयको लागि चौथो तहको १ जना कर्मचारी फिजियोथेरापी सहायक साथै रोजगार सेवा केन्द्रको लागि १ जना रिटर्नि स्वयंसेवक र नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको " म स्वस्थ, मेरो समुदाय स्वस्थः घरटोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम" कार्यान्वयनका लागि जनस्वास्थ्य अधिकृत पदमा १ जना कर्मचारी सेवा करारमा पदपूर्ती गरि कामकाजमा लगाउने निर्णय गरियो । साथै हाल गाउँपालिका मातहतका वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा दैनिक डोर हाजिरिमा कार्यरत कर्मचारीहरुलाई निरन्तरता दिई कामकाजमा लगाउने निर्णय गरियो ।

३. यस गाउँपालिकाको गाउँ शिक्षा समितबाट मिति २०८२/०३/१८ मा भएको निर्णयलाई सर्वसम्मतिले अनुमोदन गर्ने निर्णय गरियो । साथै शिक्षा समितिले सिफारिस गरे बमोजिम तपशिल बमोजिम विद्यालयहरुमा तपशिल बमोजिमको जनशक्ति व्यवस्थापनका लागि प्रक्रिया पुरा गरि पदपूर्ति गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

... प्रसाद पोख्याल
प्रमुख प्रशासकीय अधिकृत

यम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

CamScanner

तपशिल :

| क्र.सं. | विद्यालयको नाम | दरबन्दीको किसिम | तह | विषय | दरबन्दी संख्या |
|---|---|---|---|---|---|
| १ | जनमुखि मा बि रनसिङ्ग | संघीय शसर्त तथा पालिका अनुदान | विद्यालय सहायक कर्मचारी | - | १ जना |
| २ | मदरसा जियाउल तौहिक प्रा वि रामपुर | संघीय शसर्त तथा पालिका अनुदान | विद्यालय सहयोगि | - | १ जना |
| ३ | दिपेन्द्र होमजुन मा.वि. प्रर्सेनी | स्वयं सेवक | मा.वि. | लेखा | १ जना |
| ४ | मा.वि. चैनपुर | स्वयं सेवक | मा.वि. | लेखा | १ जना |
| ५ | सालभौरिनाका वालविकास केन्द्र | स्वयं सेवक | विद्यालय सहयोगि | - | १ जना |
| ६ | दुमै वालविकास केन्द्र | स्वयं सेवक | विद्यालय सहयोगि | - | १ जना |

४. यस गाउँपालिका अन्तर्गतका मर्जरमा गएको विद्यालय प्रा.वि. खजरौटामा वालविकास कक्षा संचालन गर्ने निर्णय गरियो ।

५. गोबरडिहा सब डिभिजन वन कार्यालयले भवन निर्माणका लागि जग्गा व्यवस्थापन गरिदिने निवेदन पेश गरे बमोजिम गोवरडिहा सामुदायिक वन उपभोक्ता समितिले प्रयोग गरिरहेको कार्यालय परिसरको जग्गामा उक्त भवन निर्माणको लागि सहमति माग गरेको हुँदा उक्त कार्यका लागि वडा कार्यालयबाट आवश्यक जाँचबुझ गरि सिफारिस भएमा सोही बमोजिम गर्ने निर्णय गरियो ।

६. गढवा गाउँपालिका वडा नं ३ बाघनाथ टोलका भुमिहिन दलित भुमिहिन सुकुम्वासीको विवरण भुमि समस्या समाधान आयोगको लगत संकलन कार्यविधिको अनुसुचि-१२ बमोजिमको ढाँचामा नापी टोलीबाट सुचना प्रकाशन गरि गढवा गाउँपालिका र वडामा सुचना टाँस गर्दा कुनै पनि उजुर वाजुर नपरेको हुँदा भुमि सम्वन्धि नियमहरु, २०२१ को १८ औं संशोधन २०७७/०९/०६ को परिच्छेद ५ को दफा ४१ ख बमोजीम जग्गा उपलब्ध गराउन भुमिहिन दलित भुमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउने कार्यविधि २०८१ को अनुसुचि १ बमोजीमको ढाँचामा भुमि समस्या समाधान आयोग जिल्ला समिति दाङमा सिफारिस गरि पठाउने निर्णय सर्वसम्मनिले गरियो ।

तपशिल :

पौड्याल
प्रमुख प्रशासकीय अधिकृत

यम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

CamScanner

## अनुसूची-१

(दफा ३ को उपदफा (१) को खण्ड (ख) सँग सम्बन्धित )

(भूमिहीन दलित र भूमिहीन सुकुमबासीलाई उपलब्ध गराउने जग्गाको प्रस्तावित विवरण)

स्थानीय तहकों नाम: गढवा गाउँपालिका मिति:

वडा नं : ३

जग्गा रहेको स्थानीय तहकों क्षेत्र (सहरी/सहरी बाहेक): सहरी बाहेक

भौगोलिक क्षेत्र (तराई तथा भित्री मधेस/हिमाली तथा पहाड): भित्री मधेस

| क्र.सं | परिवारमूलिको नाम,थर | नक्सा नं | कित्ता कोड | भोगचलन गरेको क्षेत्रफल (व.मि) | प्रयोजन | उपलब्ध गराउन सकिने अधिकतम जग्गाको क्षेत्रफल (व.मि) | उपलब्ध गराउने कित्ता (पुरै वा मध्य) | उपलब्ध गराउने जम्मा क्षेत्रफल (व.मि) | अस्थायी कित्ता नं. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | पर्ति | गोबरडिहा ६ (ख) | - | २३१६७.३६ | - | - | - | - | १ |
| २ | पर्ति | गोबरडिहा ६ (ख) | - | ७९३.८९ | - | - | - | - | २ |
| ३ | लक्ष्मनिया कुमाल | गोबरडिहा ६ (ख) | BS००१०-१ | ५९२.९८ | कृषि | २०००m२ | पुरै | ५९२.९८ | ४ |
| ४ | मंगल प्रसाद कुमाल | गोबरडिहा ६ (ख) | BS००१२-१ | २५३.६६ | कृषि | २०००m२ | पुरै | ५१६.९५ | ५ |
| | | | BS००१२-२ | २६३.२९ | कृषि | | पुरै | | ३ |
| ५ | आशा परियार | गोबरडिहा ६ (ख) | BD००१४-१ | १६९.९८ | कृषि | २०००m२ | पुरै | १६९.९८ | ६ |
| ६ | लौटन चौधरी | गोबरडिहा ६ (ख) | BS००१५-१ | ३२८.८७ | कृषि | २०००m२ | पुरै | ३२८.८७ | ७ |
| ७ | चैनी चौधरी | गोबरडिहा ६ (ख) | BS००११-१ | ३०१.४२ | कृषि | २०००m२ | पुरै | ३०१.४२ | ८ |

[illegible] प्रसाद पोड्याल
प्रमुख प्रशासकीय अधिकृत

यम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

७. विपद व्यवस्थापन सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

१. वडा नम्बर १ रडसिडको झोलुङ्गे पुलमा क्षति भएको र वाल निर्माण गरि मर्मत गर्नुपर्ने देखिएकोले सोही बमोजिम मर्मत कार्य गर्ने निर्णय गरियो ।

२. वडा नम्बर ६ को प्रगतिनगरमा पानीको निकास थुनियर डुबान भएकोले उक्त पानीको निकासका लागि ९० सेन्टि को ३ थान ह्युमपाईप जडान गर्नुपर्ने देखिएकोले सोही बमोजिम गर्ने निर्णय गरियो ।

३. वडा नम्बर ४ र ७ मा बाटोमा अत्याधिक खाल्डाखुल्टी परेकोले विभिन्न बस्तीहरुमा आवागमनमा असहजता भएकोले विपद व्यवस्थापन कोषबाट प्रतिवडा अधिकतम रु १ लाख व्ययभार पर्नेगरि खाल्डाखुल्डी पुर्ने निर्णय गरियो साथै उक्त कार्य सहजिकरणको लागि जिल्ला विपद व्यवस्थापन समिति र ईलाका प्रहरी कार्यालय गढवासँग सहजिकरण गर्ने निर्णय गरियो ।

८. निकासी कर, कवाडी कर र विज्ञापन करको आय ठेक्कामा यस आर्थिक वर्ष २०८२/८३ का लागि न्यूनतम राजश्व रकम क्रमश रु ७० लाख, रु ३ लाख र रु ५० हजार कायम गरि निकासी कर, कवाडी कर तथा विज्ञापन करको लागि ठेक्का आव्हान गर्ने निर्णय गरियो ।

९. कानून निर्माण सम्वन्धमा देहायवमोजिम गर्ने निर्णय गरियो ।

क) यस आर्थिक बर्षको वार्षिक कार्यक्रममा फुड वैंक संचालन गर्नु पर्ने भएकोले सो संचालनको लागि फुड बैंक सञ्चालन कार्यविधि आवश्यक भएको हुँदा सो को मस्यौदा तयार गरि आगामि कार्यपालिका वैठकमा पेश गर्नको लागि विधायन समितिलाई निर्देशन दिने निर्णय गरियो ।

ख) गढवा गाउँपालिकाको खानेपानी तथा सरसफाई सम्वन्धि ऐन निर्माण गर्नु पर्ने भएकोले सो को मस्यौदा तयार गरि आगामी वैठकमा पेश गर्ने निर्णय गरियो ।

ग) गढवा गाउँपालिकाको मुक्त कमैया कम्लरी पुनर्स्थापना कार्यविधि आवश्यक भएकोले सो को मस्यौदा तयार गरि आगामी कार्यपालिकाको वैठकमा पेश गर्नको लागि विधायन समितिलाई निर्देशन दिन निर्णय गरियो ।

१०. नेपाल अवधि संस्कृति संरक्षण प्रतिष्ठानको पत्रानुसार गढवा ६ बनकट्टिमा पर्ने शनिराम चौधरी र सन्तराम यादवले जोतभोग गरेको जग्गादेखि पूर्व गाउँको बाटोदेखि दक्षिण खोलाको चिरादेखि उत्तर बाटो तथा चौर देखि पश्चिमको १५ कट्टा १८ धुरको जग्गाको भोगाधिकार उक्त संस्थालाई प्रदान गर्नका लागि जिल्ला प्रशासन कार्यालयमा सिफारिस गर्ने निर्णय गरियो ।

११. गढवा गाउँपालिकाको रोजगार रणनीति २०८२/०८३-२०८६-०८७ स्वीकृत गर्ने सर्वसम्मत्तिले निर्णय गरियो ।

प्रसाद पौड्याल
प्रमुख प्रशासकीय अधिकृत

यम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

CS CamScanner

१२. गढवा बजारको फोहोरमैला व्यवस्थापनमा पटक पटक समस्या देखिईरहने भएकोले हाल फोहोरमैला व्यवस्थापन गरिरहेको सामुदायिक वनसँग सहकार्य गर्दै साझेदारीमा फोहोरमैला व्यवस्थापन गर्ने निर्णय गरियो ।

१३. विविध विषय सम्बन्धमा देहायबमोजिम निर्णयहरु गरियो ।

१. गढवा गाउँपालिका वडा नम्बर ७ स्थित आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माणका लागि कक्रहवा खोला पश्चिम तर्फ (दक्षिण बाटो, उत्तरमा तटिय बन र महिला भवन, पश्चिममा बाटो र पूर्वमा तटिय बनको नदि उकास क्षेत्र रहेको जग्गामा स्वास्थ्य भवन निर्माणका लागि स्वास्थ्य मन्त्रालयमा आवश्यक बजेट माग गर्ने सर्बसम्मत्तिले निर्णय गरियो ।

२. गढवा गाउँपालिकाको आर्थिक ऐन, २०८२ संशोधन गर्नुपर्ने भएकोले गढवा गाउँपालिकाको विशेष सभाको १८ औं अधिवेशन मिति २०८२/०४/२३ गतेका दिन दिउँसो २:३० बजेदेखि संचालन गर्ने निर्णय गरियो ।

कृष्ण प्रसाद पौड्याल
प्रमुख प्रशासकीय अधिकृत

यम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

## बैठक संख्या - ०३

आज मिति २०८२ साल भाद्र महिनाको १२ गतेका दिन यस गढवा गाँउपालिकाका अध्यक्ष श्री यम नारायण शर्मा पोखेल ज्यू को अध्यक्षतामा गढवा गाँउकार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिमको निर्णयहरू गरियो ।

उपस्थिती :-

| क्र.स. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री यम नारायण शर्मा पोखेल | |
| २ | (उपाध्यक्ष) सदस्य | श्री शारदा कुमारी चौधरी | |
| ३ | वडाध्यक्ष, सदस्य | श्री भक्तु चौधरी | |
| ४ | वडाध्यक्ष | श्री तुलसीराम अधिकारी | |
| ५ | वडाध्यक्ष | श्री बिर बहादुर आले मगर | |
| ६ | वडाध्यक्ष | श्री लेख बहादुर थापा | |
| ७ | वडाध्यक्ष | श्री राहुलदेव चौधरी | |
| ८ | वडाध्यक्ष | श्री हरिभगत चौधरी | |
| ९ | वडाध्यक्ष | श्री वाबुराम अधिकारी | |
| १० | वडाध्यक्ष | श्री अव्दुल खालिक सिद्दिकी | |
| ११ | सदस्य | श्री हेमन्ती कुमारी कुमाल | |
| १२ | सदस्य | श्री मिना पुन | |
| १३ | सदस्य | श्री मानबहादुर नेपाली | |
| १४ | सदस्य | श्री सूर्य बहादुर नेपाली | |
| १५ | सदस्य | श्री चन्द्रा के.सी. | |
| १६ | सदस्य | श्री रमा भण्डारी | |
| १७ | सचिव | श्री कृष्ण प्रसाद पौड्याल | |

आमन्त्रित :-

CamScanner

# बैठक संख्या -३

## मिति २०८२/०५/१२ गतेको गाउँकार्यपालिका तेस्रो बैठकका प्रस्तावहरु

१. उत्प्रेषण/परमादेश रिट निवेदनको मु.नं. ०८२-WO-०००२ मुद्दाको प्रतिनिधि तोकि अख्तियारी दिने सम्बन्धमा ।
२. स्थानीय विदा सम्बन्धमा ।
३. विविध विषय सम्बन्धमा ।

## गाउँकार्यपालिका तस्रो बैठकका निर्णयहरु - २०८२/०५/१२

### निर्णय नम्बर १

गढवा गाउँपालिका कार्यालय गढवा दाङ, गढवा गाउँकार्यपालिकाको कार्यालयको नाममा सम्मानित श्री उच्च अदालत, तुलसीपुर दाङबाट मिति २०८२ साल श्रवाण २२ गतेको म्याद जारी भएको र मिति २०८२/०५/०१ गतेको म्याद तामेली भएको उत्प्रेषण/परमादेश रिट निवेदनको मु.नं. ०८२-WO-०००२ मा लिखित जवाफ पेशं गर्न तथा अदालत सम्वन्धी अन्य आवश्यक कार्य गर्नका लागि यस कार्यालयका उजुरी प्रशासन शाखामा कार्यरत सहायक चौथो श्री सुरेश पौडेललाई प्रतिनिधि तोकी अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

### निर्णय नम्बर २

यस गढवा गाउँपालिकामा देउखुरी क्षेत्रमा थारु तथा मधेशी समुदायल विशेष महत्वका साथ मनाउदैं आएको ऐतिहासिक एवं सास्कृतिक बड्का अट्वारी पर्वको उपलक्ष्यमा मिति २०८२/०५/१५ गते आईतवारका दिन गढवा गाउँपालिका अन्तर्गत वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु, सरकारी कार्यालयहरु, शैक्षिक संस्थाहरु र संघ संस्थाहरुमा १ (एक) दिन स्थानीय सार्वजनिक बिदा दिने निर्णय सर्वसम्मतिले गरियो ।

यम नारायण शर्मा पोखेल
अध्यक्ष

निर्णय प्रमाणित गरियो।
सचिव

## बैठक संख्या - ०४

आज मिति २०८२ साल भाद्र महिनाको २० गतेका दिन यस गढवा गाँउपालिकाका अध्यक्ष श्री यम नारायण शर्मा पोखेल ज्यू को अध्यक्षतामा गढवा गाँउकार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिमको निर्णयहरू गरियो ।

उपस्थिती :-

| क्र.स. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री यम नारायण शर्मा पोखेल | |
| २ | (उपाध्यक्ष) सदस्य | श्री शारदा कुमारी चौधरी | |
| ३ | वडाध्यक्ष, सदस्य | श्री भक्तु चौधरी | |
| ४ | वडाध्यक्ष | श्री तुलसीराम अधिकारी | |
| ५ | वडाध्यक्ष | श्री बिर बहादुर आले मगर | |
| ६ | वडाध्यक्ष | श्री लेख बहादुर थापा | |
| ७ | वडाध्यक्ष | श्री राहुलदेव चौधरी | |
| ८ | वडाध्यक्ष | श्री हरिभगत चौधरी | |
| ९ | वडाध्यक्ष | श्री बाबुराम अधिकारी | |
| १० | वडाध्यक्ष | श्री अब्दुल खालिक सिद्दिकी | |
| ११ | सदस्य | श्री हेमन्ती कुमारी कुमाल | |
| १२ | सदस्य | श्री मिना पुन | |
| १३ | सदस्य | श्री मानबहादुर नेपाली | |
| १४ | सदस्य | श्री सूर्य बहादुर नेपाली | |
| १५ | सदस्य | श्री चन्द्रा के.सी. | |
| १६ | सदस्य | श्री रमा भण्डारी | |
| १७ | सचिव | श्री कृष्ण प्रसाद पौड्याल | |

आमन्त्रित :-

# बैठक संख्या -४

**मिति २०८२/०५/२० गतेको गाउँकार्यपालिका चौथो बैठकका प्रस्तावहरु**

१. अव्यवस्थित बसोवासीको लगत प्रमाणीकरण सम्बन्धमा ।

२. सम्मानित श्रीं सर्वोच्च अदालत, श्री उच्च अदालत र श्री जिल्ला अदालतबाट म्याद तामिल भइ आएका मुद्दाहरुको सम्बन्धी आवश्यक कार्य गर्नका प्रतिनिधि तोकि अख्तियारी दिने सम्बन्धमा ।

३. अटो भिलेज सम्बन्धमा ।

४. स्थानीय दररेट सम्बन्धमा ।

५. तपशिलका योजनाहरुको स्थान तोक्ने सम्बन्धमा ।

क) आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण, पर्सेनी

ख) खाद्यभण्डार भवन निर्माण

६. बालविकास स्वयंसेवकको पारिश्रमिक सम्वन्धमा ।

७. जनता माध्यमिक विद्यालय,कालाकाटे आवासीय भवन निर्माणको लागि बजेट माग गर्ने सम्बन्धमा।

८. नगर प्रहरी रासन/मेश संचालन सम्बन्धमा ।

९. शिक्षा समितिको बैठकका निर्णय सम्वन्धमा ।

१०. सार्वजनिक-निजि साझेदारीमा निर्माण गर्ने सम्भावित परियोजना सम्वन्धमा ।

११. घ वर्गको निर्माण व्यावसायी इजाजत प्रदान सम्बन्धमा ।

१२. ३ नं. वडा कार्यालयको सिफारिस बमोजिम सार्वजनिक भवन निर्माणको लागि जग्गा उपलब्ध गराउने सम्बन्धमा ।

१३. विविध विषय सम्वन्धमा ।

क) सार्वजनिक जग्गा संरक्षण गढवा ७

ख) स्काइ साइकिलिङ संचालन

सचिव

गढवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गढवा, दाङ लुम्बिनी प्रदेश, नेपाल

यम नारायण शर्मा पोखेल
अध्यक्ष

## गाउँकार्यपालिकाको चौथो बैठकका निर्णयहरु - २०८२/०५/२०

### निर्णय नम्बर १

भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन कार्यविधि २०८१ को दफा १२ बमोजिम पालिकास्तरीय सहजिकरण समितिले जाचँबुझ गरी सिफारिस गरेका तपशिलका अव्यवस्थित बसोबासीको लगत संकलन प्रमाणीकरण गरी जिल्ला समिति समक्ष पेश गर्ने निर्णय गरियो ।

| क्र.सं. | वडा नं. | अव्यवस्थित बसोबासीको संख्या | कै. |
|---|---|---|---|
| १ | १ | ११९४ | |
| २ | २ | ९२८ | |
| ३ | ३ | ७१७ | |
| ४ | ४ | ६७२ | |
| ५ | ५ | ९१९ | |
| ६ | ६ | ६८३ | |
| ७ | ८ | ६९ | |
| | जम्मा | ५१०२ | |

### निर्णय नम्बर २

गढवा गाउँपालिका कार्यालय गढवा दाङ, गढवा गाउँकार्यपालिकाको कार्यालयको नाममा आ.व. २०८२/०८३ मा सम्मानित श्री सर्वोच्च अदालत, श्री उच्च अदालत र श्री जिल्ला अदालतवाट म्याद तामिल भइ आएका मुद्दाहरुको अदालत सम्बन्धी आवश्यक कार्य गर्नका लागि यस कार्यालयका उजुरी प्रशासन शाखामा कार्यरत सहायक चौथो श्री सुरेश पौडेललाई प्रतिनिधि तोकी अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

### निर्णय नम्बर ३

गढवा गाउँपालिका घडा नम्वर १ मा संचालन हुने अटो भिलेज संचालन तथा व्यवस्थापनको लागि तपशिलको सहजिकरण समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल:

बावुराम अधिकारी (वडा अध्यक्ष वडा नं. १) - अध्यक्ष
शेषमणि पौडेल (इन्जिनियर) - सदस्य
हेमन्ती कुमारी कुमाल (म.वडा सदस्य) - सदस्य
कुशुम बढामगर (वडा प्राविधिक वडा नं. १) - सदस्य
मदन खनाल (सर्वेक्षक) - सदस्य
नारायण सुवेदी (अमिन) - सदस्य
मधुसुदन पौडेल (वडा सचिव) - सदस्य सचिव

गढवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गढवा, दाङ लुम्बिनी प्रदेश, नेपाल

यम नारायण शर्मा पोखेल
अध्यक्ष

सचिव

CamScanner

## निर्णय नम्बर ४

चालु आ.व. २०८२/०८३ मा आवश्यक पर्ने निर्माण सामाग्री तथा सेवा सम्बन्धी दररेट जिल्ला दररेट बमोजिम यस गाउँपालिकको पूर्वाधार विकास शाखाबाट पेश भएको स्थानीय दररेट स्वीकृत गर्ने निर्णय गरियो ।

## निर्णय नम्बर ५

यस गढवा गाउँपालिकाको चालु आ.व. २०८२/०८३ मा कार्यान्वय हुने तपशिलका योजनाहरु निम्न स्थानमा निर्माण गर्ने निर्णय गरियो ।

क) आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण, पर्सेनी - साविक कालिका प्राथमिक विद्यालयको जग्गामा

ख) खाद्यभण्डार भवन निर्माण - सर्वोदय प्रावि गढवा ६ को पूर्वतर्फ रहेको सार्वजनिक जग्गामा

## निर्णय नम्बर ६

मिति २०८२/०४/२१ गतेको गाउँकार्यपालिकाको निर्णय नं. ५ अनुसार सालभौरीनाका बालविकास केन्द्र र दुमै बालविकास केन्द्र स्वयमंसेवकका रुपमा विद्यालय सहयोगीको कर्मचारी व्यवस्थापन गर्ने निर्णय भएको र सेवासुविधा नतोकीएको हुँदा उक्त कर्मचारीको पारीश्रमिक प्रति महिना रु.१४,०००/००, वार्षिक एकपटक चाडपर्व खर्च र वार्षिक एकपटक पोशाक भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

## निर्णय नंम्बर ७

श्री जनता माध्यमिक विद्यालय, कालाकाटेको मिति २०८२/०५/०३ गतेको प्राप्त पत्र अनुसार विद्यालय संचालन तथा व्यवस्थापन गर्न सहजता हुने गरि निर्माण गरिएको उक्त विद्यालयको डि.पि.आर. मा उल्लेखित Banquet Hall र Shutter Buildings निर्माण कार्य गर्न आवश्यक पर्ने रकम गढवा गाउँपालिका र भारतीय राजदुतावासमा माग गरी लागत साझेदारीमा निर्माण गर्ने र सो निर्माण कार्यका लागि लागत साझेदारी वापतको रकम (५ प्रतिशत) गढवा गाउँपालिकाले व्यहोर्ने प्रतिवद्धता सहित संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत भारतीय राजदुतावासमा अनुरोध गर्ने निर्णय गरियो ।

| क्र.स | भवनको नाम | जम्ममा रकम | पालिकाले व्यहोर्ने (५%) | भारतीय दुतावाससंग माग गर्ने (९५%) |
|---|---|---|---|---|
| १ | Banquet Hall | ४०६७८४००।०० | २०३३९२० | ३८६४४४८० |
| २ | Shutter Buildings | १५४४६७३४।४१ | ७७२३३६ | १४६७४३९८।४१ |

## निर्णय नम्बर ८

गढवा गाउँपालिकामा कार्यरत नगर प्रहरीको लागि आवश्यक रासन सम्बन्धी सुविधा नगर प्रहरीहरुकै नाममा रहेको संयुक्त खातामा एकमुष्ट रु. ४०,०००।०० उपलब्ध गराई सोही मार्फत मेश संचालन गर्ने निर्णय गरियो ।

गढवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गढवा, दाङ लुम्बिनी प्रदेश, नेपाल

राम नारायण शर्मा पोखेल
अध्यक्ष

सचिव

## निर्णय नम्बर ९

यस गाउँपालिकाको गाउँ शिक्षा समितिबाट मिति २०८२/०५/१९ मा भएको निर्णयलाई सर्वसम्मतिले अनुमोदन गर्ने निर्णय गरियो ।

क) शिक्षा समितिले सिफारिस गरे बमोजिम तपशिल बमोजिम विद्यालयहरुमा तपशिल बमोजिमको जनशक्ति व्यवस्थापनका गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

| क्र.सं. | शिक्षकको नाम थर | हाल कार्यरत विद्यालय | तह | दरबन्दीको किसिम | दरबन्दी मिलान/पदस्थापन गरिएको विद्यालय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | शुशिला कुमारी चौधरी | कालिका प्रा.वि.पर्सेनी | प्रा.वि.तृतीय | राहत | दिपेन्द्र होमजुन मा.वि.पर्सेनी | विद्यालय समायोजन भएको |
| २ | अमरदेवी चौधरी | प्रा.वि.खजरौटा | प्रा.वि.तृतीय | राहत | मा.वि.चैनपुर | विद्यालय समायोजन भएको |
| ३ | फुलमति चौधरी | सर्वोदय प्रा.वि.गढवा | प्रा.वि.तृतीय | राहत | जनता मा.वि.गढवा | विद्यालय समायोजन भएको |
| ४ | गिता पौडेल पोखेल | कालिका प्रा.वि.पर्सेनी | प्रा.वि.तृतीय | राहत | नमूना प्रा.वि.महदेवा | विद्यालय समायोजन भएको |
| ५ | रिक्त दरबन्दी | दुर्गा आ.वि.मनिकापुर | प्रा.वि.तृतीय | स्थायी स्वीकृत | सरस्वती प्रा.वि.सुपैला | मन्साराम चौधरी अनिवार्य अवकाश भएको |
| ६ | सेवकराम यादव | प्रा.वि.खजरौटा | प्रा.वि.तृतीय | स्थायी स्वीकृत | मा.वि.पचहिया | विद्यालय समायोजन भएको |
| ७ | राम कुमारी यादव | प्रा.वि.खजरौटा | प्रा.वि.तृतीय | राहत | सरस्वती आ.वि.चन्दनपुर | विद्यालय समायोजन भएको |
| ८ | भागिरथी शर्मा | सर्वोदय प्रा.वि.गढवा | प्रा.वि.तृतीय | राहत | जनता मा.वि.गढवा | विद्यालय समायोजन भएको |
| ९ | रिक्त दरबन्दी | जनता मा.वि.गढवा | प्रा.वि.तृतीय | स्थायी स्वीकृत | रात्री प्रा.वि.पचहियां | रणबहादुर थापा सरुवा भई गएको |
| १० | ओम प्रकाश ज्ञवाली | सर्वोदय प्रा.वि.गढवा | प्रा.वि.तृतीय | स्थायी स्वीकृत | मदरसा जियाउल तौहिद प्रा.वि.रामपुर | विद्यालय समायोजन भएको |
| ११ | छुनिलाल चौधरी | कालिका प्रा.वि.पर्सेनी | प्रा.वि.तृतीय | स्थायी स्वीकृत | दुर्गा आ.वि.मनिकापुर | विद्यालय समायोजन भएको |

## निर्णय नम्बर १०

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राप्ती उपत्यका (देउखुरी) को च.नं.: शा.सु.४४, मिति २०८२/०५/१८ गतेको प्राप्त पत्र बमोजिम यस गढवा गाउँपालिकामा सार्वजनिक निजि साझेदारी पद्दति मार्फत कार्यान्वयन गर्न सकिने तपशिलका परियोजनाहरु छनौट गरि पठाउने निर्णय गरियो ।

| क्र.सं. | परियोजनाको नाम | कार्यान्वयन हुने स्थान | अनुमानित लागत |
|---|---|---|---|
| १ | गंगा जलसाय | गढवा ५ | १० करोड |
| २ | सौर्य उर्जा प्रवर्द्धन (सोलार प्लान्ट) | गढवा ७ | २० करोड |

गढवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गढवा, दाङ लुम्बिनी प्रदेश, नेपाल

यम नारायण शर्मा पोखेल
अध्यक्ष

सचिव

## निर्णय नम्बर ११

यस गढवा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा घ बर्गको निर्माण व्यावसायी ईजाजतका लागि पर्न आएका निवेदन सम्बन्धमा घ वर्गको ईजाजत प्रदान गर्ने सम्वन्धी कार्यविधि, २०७४ बमोजिम यस गढवा गाउँपालिकामा गठित जाँचबुझ तथा सिफारिस समितिको मिति २०८२ साल भाद्र १६ गतेको सिफारिस बमोजिम तपशिल बमोजिमका निर्माण व्यवसायीहरुलाई घ वर्गको निर्माण व्यावसायी ईजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

तपशिल:

| क्र.सं. | फर्मको नाम | ठेगना | प्रोपराइटर |
|---|---|---|---|
| १ | ए.एस.पि.कन्स्ट्रक्सन प्रा.ली. | गढवा गा.पा.१ | गुमान सिंह वि.क. |
| २ | निर्णय निर्माण सेवा प्रा.ली. | गढवा गा.पा.७ | विष्णु वली र विशाल गिरी |
| ३ | जे.ई.आर.एस. इन्जिनियरिङ्ग सोलुसन कन्स्ट्रक्सन प्रा.ली. | गढवा गा.पा.७ | सुमित्रा कवर के.सी. |
| ४ | कान्छीगाउँ निर्माण सेवा एण्ड सप्लायर्स प्रा.ली. | गढवा गा.पा.७ | कौशलराम चौधरी |

## निर्णय नम्बर १२

३ नं. वडा कार्यालयको मिति २०८२/०४/२९ गतेको पत्रअनुसार तपशिलका संस्थाहरुको भवन निर्माणको लागि वडा कार्यालयबाट सिफारिस भई आएकोमा प्रचलित कानून बमोजिम भागाधिकार उपलब्ध गराउनको लागि जिल्ला प्रशासन कार्यालयमा सिफारिस गर्ने निर्णय गरियो ।

| क्र. सं. | संस्थाको नाम | चारकिल्ला | निर्माण हुने संरचना | जग्गाको क्षेत्रफल |
|---|---|---|---|---|
| १ | गोवरिडहा सब डिभिजन वन कार्यालय | उत्तर तर्फ - कोटिया मन्दिर<br>दक्षिण तर्फ - ६ मि.को बाटो छोडी बर्षौदेखि घर बनाई बस्दै आईरहेका दुखिराम चौधरी र राजकुमार चौधरीको जग्गा<br>पूर्व तर्फ - गोवरडिहा आधारभूत स्वास्थ्य केन्द्र<br>पश्चिम तर्फ - विनोद कुमार चौधरी र अमित चौधरीको नाममा रहेको साविका गोवरडिहा ६ग, कि.नं. ८१ र १७९ को जग्गा | वन कार्यालयको भवन | ०-०-१६ |
| २ | बड्कापथ सिंचाइ जल उपभोक्ता मूल समिति | उत्तर तर्फ - उल्टी खोला<br>दक्षिण तर्फ - गोवरडिहा सामुदायिक वन क्षेत्र<br>पूर्व तर्फ - चिमचिमे खोला (कफली खोला)<br>पश्चिम तर्फ - जंगलकुटी जाने बाटो बड्कापथ सिंचाई जल उपभोक्ता कार्यालय भवन | सभाहल | - |

गढवा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय गढवा, दाङ लुम्बिनी प्रदेश, नेपाल

यम नारायण शर्मा पोखेल
अध्यक्ष

सचिव

CamScanner

**<u>निर्णय नम्बर १३:</u>** विविध विषय सम्बन्धमा ।

क) गढवा गाउँपालिका वडा नं. ७ अन्तर्गत लक्ष्मिणपुर र भोजपुरको उत्तरतर्फ कक्रहवा खोलाको नदी उकास क्षेत्रमा पर्ने सार्वजनिक जग्गालाई संरक्षण गर्न सिमाङ्कन गरी उक्त जग्गाको चारकिल्ला वरिपरी पिलर गाड्ने निर्णय गरियो ।

ख) गढवा गाउँपालिका वडा नं. ८ मा निर्माण भएको स्काई साईकलिङ संचालनको अनुमतिको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत पर्यटन विभाग र अन्य आवश्यक पर्ने कार्यलयमा सिफारिस गर्ने र अनुमति प्राप्त भए पश्चात मात्र संचालनमा ल्याउने निर्णय गरियो ।

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

यम नारायण शर्मा पोखेल
अध्यक्ष

निर्णय प्रमाणित गर्दछु

सचिव

## बैठक संख्या - ०५

आज मिति २०८२ साल आश्विन महिनाको २७ गतेका दिन यस गढवा गाँउपालिकाका अध्यक्ष श्री यम नारायण शर्मा पोखेल ज्यू को अध्यक्षतामा गढवा गाँउकार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिमको निर्णयहरू गरियो ।

उपस्थिती :-

| क्र.स. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री यम नारायण शर्मा पोखेल | |
| २ | (उपाध्यक्ष) सदस्य | श्री शारदा कुमारी चौधरी | |
| ३ | वडाध्यक्ष, सदस्य | श्री भक्तु चौधरी | |
| ४ | वडाध्यक्ष | श्री तुलसीराम अधिकारी | |
| ५ | वडाध्यक्ष | श्री बिर बहादुर आले मगर | |
| ६ | वडाध्यक्ष | श्री लेख बहादुर थापा | |
| ७ | वडाध्यक्ष | श्री राहुलदेव चौधरी | |
| ८ | वडाध्यक्ष | श्री हरिभगत चौधरी | |
| ९ | वडाध्यक्ष | श्री बाबुराम अधिकारी | |
| १० | वडाध्यक्ष | श्री अब्दुल खालिक सिद्दिकी | |
| ११ | सदस्य | श्री हेमन्ती कुमारी कुमाल | |
| १२ | सदस्य | श्री मिना पुन | |
| १३ | सदस्य | श्री मानबहादुर नेपाली | |
| १४ | सदस्य | श्री सूर्य बहादुर नेपाली | |
| १५ | सदस्य | श्री चन्द्रा के.सी. | |
| १६ | सदस्य | श्री रमा भण्डारी | |
| १७ | सचिब | श्री कृष्ण प्रसाद पौड्याल | |

आमन्त्रित :-

१. शेषमणि पौडेल, इन्जिनियर

CamScanner

# बैठक संख्या -५

## मिति २०८२/०६/२७ गतेको गाउँकार्यपालिका पाचौं बैठकका प्रस्तावहरु

१. दाङ जिल्ला अदालतबाट जारी मुद्दा नं.०८०-CP-०३ प्रतिवादी लक्ष्मण कुमार राना भएको बाँकी बक्यौता रकम दिलाई भराई पाउ सम्बन्धी पुनरावेदन गर्ने/नगर्ने सम्वन्धमा ।

२. वैकल्पिक उर्जा प्रवर्द्धन कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।

३. निकासी करको ठेक्का व्यवस्थापन सम्बन्धमा ।

४. कर्मा हेल्थसँगको साझेदारीमा स्वास्थ्य सम्बन्धी कार्यक्रम संचालनको लागि वस खरिद भएकोमा सो बसको Modification गर्ने सम्बन्धमा ।

५. कार्यविधि संशोधन सम्वन्धमा ।
   क) अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधी, २०७५को पहिलो संशोधन, २०८२

६. विभिन्न संस्थाहरुलाई सहयोग गर्ने सम्वन्धमा ।

७. तपशिलको संस्थाको शाखा स्थापनाको लागि अनुमति दिने सम्बन्धमा ।
   क) श्री गोल्डेन नेपाल मार्केटिङ प्रा.ली., बुटवल उ.म.न.पा. ८ रुपन्देही ।

८. नदीजन्य पदार्थको ठेक्का व्यवस्थापन सम्वन्धमा ।

९. घरभाडा सम्वन्धमा ।

१०. मेड्पा कार्यक्रम कार्यान्वयनको लागि वडा कार्यालय छनौट गर्ने सम्वन्धमा ।

११. विपद अन्तर्गतका दायित्व सिर्जित योजना सम्वन्धमा ।

१२. विविध विषय सम्वन्धमा ।

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

[signature]
कृष्ण नारायण शर्मा पोखरेल
अध्यक्ष

[signature]
कृष्ण प्रसाद पौड्याल
प्रमुख प्रशासकीय अधिकृत

## गाउँकार्यपालिकाको पाचौं बैठकका निर्णयहरु - २०८२/०६/२७

### निर्णय नम्बर १

दाङ जिल्ला अदालतबाट जारी भएको मुद्दा नं. ०८०-CP-०३ को यस गढवा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय गढवा, दाङ बादी प्रतिवादी लक्ष्मण कुमार राना भएको बाँकी बक्यौता रकम दिलाई भराई पाउँ मुद्दाका सम्वन्धमा सम्मानित जिल्ला अदालतबाट भएको फैसला बमोजिम बक्यौता रकम असुलउपरको लागि आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

### निर्णय नम्बर २

नेपाल सरकार उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय अन्तर्गत वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र ताहाचल, काठमाडौंबाट कार्यान्वयन हुने स्वच्छ चुलो कार्यक्रम अन्तर्गत विद्युतीय चुलो (ECS), तह ३+ (Tier 3+) स्तरको सुधारिएको चुलो (ICS) र ४ घ.मि.को घरायसी बायोग्यास (Domestic Biogas Plant) कार्यक्रम लागत साझेदारी मार्फत यस गढवा गाउँपालिकामा संचालन गर्ने र उक्त कार्यक्रम कार्यान्वयनको लागि गढवा गाउँपालिकाबाट रु. १५,००,०००/- (अक्षरुपी पन्ध्र लाख मात्र) बराबरको रकम छुट्टयाइ उक्त रकम चालु आ.व.को रातो किताबमा विनियोजित साझेदारी कोष शिर्षकबाट भुक्तानी दिने गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

### निर्णय नम्बर ३

श्री खुसि निर्माण सेवा, बाडगंगा न.पा. ५ ले कबोल रकममा आ.व.को पहिलो त्रैमासिक अवधीको दामासहिले घटाई सम्झौता गरीपाउँ भनि निवेदन पेश गरेको सम्बन्धमा छलफल हुदाँ पुरै बोल कबोल गरेको रकममा सम्झौता गर्न आएमा सम्झौता गराइ कार्यान्वयनमा लैजाने अन्यथा सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम कारवाही (धरौटी जफत र कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस समेत) गरी दोस्रो कबोल गर्ने कबोलकर्तासँग सम्झौता गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

### निर्णय नम्बर ४

आर्थिक वर्ष २०८१/०८२ मा यस गढवा गाउँपालिका र कर्मा हेल्थसँगको साझेदारीमा जनतालाई सहज, सुलभ र मितव्ययी रुपमा स्वास्थ्य सेवा उपलब्ध गराउन मोबाईल हस्पिटल कार्यक्रम संचालन गर्ने र सोका लागि आवश्यक पर्ने सवारी साधन खरिद गर्ने निर्णय भई बस खरिद गरिएकोमा मोबाईल हस्पिटल संचालनको लागि उक्त बसलाई साझेदार संस्थासँग समन्वय गरी आवश्यकता अनुसार Modification गर्ने निर्णय गरियो ।

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

नारायण शर्मा पोख्रेल
अध्यक्ष

कृष्ण प्रसाद पौड्याल
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नम्बर ५**

अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधी, २०७५ लाई खारेज गरी विधायन समितिबाट स्वीकृतका लागि पेश भएको कार्यविधि अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधी, २०८२ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर ६**

यस गढवा गाउँपालिकाको गाउँकार्यापालिकाको कार्यालयमा सहयोग सम्बन्धमा पर्न आएका निवेदन सम्बन्धमा तपशिल बमोजिमका सहयोगहरु उपलब्ध गराउने निर्णय गरियो ।

| क.सं. | कार्यालयको नाम | सहयोग गरिने सामाग्री | कै. |
|---|---|---|---|
| १ | जिल्ला समन्वय समितिको कार्यालय,दाङ (च.न. १११, मिति २०८२/०५/३० गतेको पत्रमार्फत माग भई आएको) | १/१ थान डेस्कटप कम्प्युटर र फोटोकपि सहितको प्रिन्टर | जेनजी आन्दोलनबाट क्षति भएकोले |
| २ | इलाका प्रहरी कार्यालय, गढवा दाङ | इन्धन (३०० लि. डिजेल) | हिन्दुहरुको महान चाडपर्व बिजया दशमि, शुभ दिपावली र छट पर्वको समयमा पेट्रोलिङ गर्न |
| ३ | इलाका प्रहरी कार्यालय, गढवा दाङ | बोका | मौलो पुजाको लागि ४१ के.जि.को बोका सहयोग गरिएको |

**निर्णय नम्बर ७**

श्री गोल्डेन नेपाल मार्केटिङ प्रा.ली.लाई यस गढवा गाउँपालिकामा शाखा विस्तार गर्नको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर ८**

गढवा गाउँपालिकाले स्टक गरि राखेका नदीजन्य पदार्थको सम्बन्धमा तिन पटकसम्म ठेक्का आह्वान हुँदासम्म समेत ठेक्का नलागेका नदीजन्य पदार्थको स्टक बमोजिमको परिमाण न्यूनतम लागत मूल्यमा नघट्ने गरी मागको आधारमा विक्री व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर ९**

गढवा स्वास्थ्य चौकी स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको मिति २०८२/०४/१९ गतेको बैठकको निर्णय सम्बन्धमा छलफल गर्दा गढवा स्वास्थ्य चौकीमा आकस्मिक स्वास्थ्य सेवा संचालनको लागि डियुटी रुम मौजुदा कोठाबाट अपुग भएकोले एउटा कोठा गाउँपालिकाले भाडामा लिई व्यवस्थापन गर्ने र गंगापरस्पुर स्वास्थ्य चौकी हकमा समेत वडा नम्बर ५ बाट विनियोजित बजेट मार्फत कार्यान्वयन हुने गरी एक वटा कोठा भाडामा लिइ डियुटी रुमको व्यवस्थापन गर्ने निर्णय गरियो ।

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

राम नारायण शर्मा पोखरेल
अध्यक्ष

कृष्ण प्रसाद पोख्रेल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

## निर्णय नम्बर १०

आ.व. २०८२/०८३ मा गरिबि निवारणको लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा कार्यक्रम) कार्यान्वयनको लागि वडमार्फत सहभागी छनौट गरी १,२ र ३ नं. वडाको लागि २ नं वडा कार्यालय र अन्य वडाको हकमा गाउँपालिकामा संचालन गर्ने गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

## निर्णय नम्बर ११

यस गढवा गाउँपालिकामा गत आ.व. २०८१/०८२ का लागि विपद व्यवस्थापन कोष शीर्षकका योजना तथा कार्यक्रमहरु विविध कारणबस खर्च लेख्न नसकीएको योजनाहरुको विवरण मलेप फारम नं १८ लाई स्विकृत गर्ने निर्णय गरियो ।

## निर्णय नम्बर १२

नेपालभर भाद्र २३ र २४ गते भएको जेन जी समुदायको आन्दोलनको क्रममा देशव्यापी रुपमा थुप्रै सरकारी कार्यालयमा हानी नोक्सानी भई वित्तीय तथा भौतिक सम्मपतिको क्षती भएको, उक्त दिन यस गढवा गाउँपालिकामा समेत आन्दोलन भएकोमा गाउँकार्यपालिकाको कार्यालय लगाएत मातहतका सम्पूर्ण कार्यालयहरु पूर्णरुपमा सुरक्षित भएको हुँदा सुरक्षाको निमित्त सक्रिय भूमिका निर्वाह गरेका सुरक्षा निकायहरुलाई स-धन्यावाद प्रशंसा पत्र प्रदान गर्ने निर्णय गरियो ।

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

यम नारायण शर्मा पोखेल
अध्यक्ष

निर्णय प्रमाणित गरियो।
कृष्ण प्रसाद पौड्याल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner